# टीकापुर नगरपालिका

## स्थानीय उधोग दर्ता, संचालन, व्यवस्थापन र नियमन सम्बन्धि ऐन, २०७८

**स्विकृत मिति २०७८/०३/३०**

**प्रमाणित मिति २०७८/०४/१०**

**प्रस्तावना:**

लघु, घरेलु र साना उधोगको दर्ता नबिकरण, खारेजी, नियमन प्रबर्द्दन र व्यवस्थापन संघिय तथा प्रदेश कानुनमा व्यवस्था भए बमोजिम स्थानीय तहले गर्ने सक्ने अधिकार भएकोले सो कानुनी व्यवस्थाको कार्यान्वयनको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी टीकापुर नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद - १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "टीकापुर नगरपालिकाको स्थानीय उधोग दर्ता, संचालन, व्यवस्थापन र नियमन सम्बन्धि ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन नगर सभाबाट स्वीकृति भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,**

(क) "उधोग नियमन शाखा" भन्नाले नगरपालिकाको स्थानीय उधोग सम्बन्धि बिषय हेर्ने शाखा वा
इकाईलाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले टीकापुर नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "घरेलु उधोग" भन्नाले दफा ६ को उपदफा (१) खण्ड (ख) बमोजिमको उधोगलाई सम्झनु पर्दछ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिएको बमोजिम सम्झनु पर्दछ ।

(ङ) "नगरपालिका" भन्नाले टीकापुर नगरपालिकालाई सम्झनु पर्दछ ।

(च) “प्रमुख” भन्नाले नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

(ज) “लघु उधम” भन्नाले दफा १६ को उपदफा (१) खण्ड (क) बमोजिमको उधोगलाई सम्झनु पर्दछ ।

(झ) “वातावरणीय अध्ययन प्रतिबेदन” भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाब पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपायबाट निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा बिस्तृत रुपमा गरिने अध्ययन तथा मूल्यांकन सम्झनु पर्छ ।

(ञ) “स्थानीय उधोग” भन्नाले स्थानीय तहले दर्ता, व्यवस्थापन र नियमन गर्ने उधोगलाई जनाउँछ । सो शब्दले स्थानीय सरकार संचालन ऐन, २०७४ मा उल्लेखित लघु, घरेलु तथा साना उधोगलाई र संघीय तथा प्रदेश कानुनले स्थानीय तहले दर्ता, व्यवस्थापन र नियमन गर्ने भनि तोकेको उधोगलाई समेत जनाउँछ ।

(ट) “समिति” भन्नाले दफा २८ बमोजिमको स्थानीय उधोग प्रवर्द्धन समिति सम्झनु पर्छ ।

(ठ) “साना उधोग” भन्नाले दफा १६ को उपदफा (१) खण्ड (ग) बमोजिमको उधोगलाई सम्झनु पर्दछ ।

## परिच्छेद - २
## स्थानीय उधोग दर्ता र नियमन

**३. उधोग दर्ता गर्नु पर्ने :**

(१) नगरपालिका भित्र स्थानीय उधोगको स्थापना वा संचालन गर्नका लागि यस ऐन बमोजिम दर्ता नगराई सञ्चालन गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित औधोगिक व्यवसाय सम्बन्धि कानुन बमोजिम दर्ता भइ नगरपालिका भित्र सञ्चालनमा रहेका स्थानीय उधोग यस ऐन बमोजिम स्वतः दर्ता भएको मानिनेछ ।

(३) उपदफा (३) बमोजिम संचालनमा रहेका उधोगले यो ऐन प्रारम्भ भएको मितिले ६ महिनाभित्र उधोग नियमन शाखामा अभिलेख गरी अधावधिक गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम दर्ता भएको उधोगले नबिकरण गराउन उधोग नियमन शाखामा निबेदन दिनु पर्ने छ ।

**४. उधोग दर्ता गर्न निबेदन दिनुपर्ने :**

(१) यस ऐन बमोजिम उधोग स्थापना गर्न चाहने व्यक्तिले देहाय बमोजिमको विवरण र कागजात सहित तोकिएको ढाँचामा उधोग नियमन शाखा समक्ष निबेदन दिनु पर्नेछ :-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा बिदेशी नागरिक भए राहदानीको प्रतिलिपि,

(ख) निवेदक फर्म वा कम्पनि भएमा फर्म वा कम्पनि दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) उधोग रहने स्थानको नक्सांकन सहितको विवरण,

(घ) निबेदन दिन प्रतिनिधि नियुक्त गरेको भए सोको अख्तियारी पत्र,

(ङ) साझेदारी उधोग स्थापना गर्न चाहेको भए साझेदार बीच भएको सम्झौताको प्रतिलिपि,

(च) उधोग स्थापना गर्ने नगरपालिकाको सम्बन्धित वडाको सिफारिस,

(छ) तोकिएको अन्य आबस्यक कागजात ।

(२) उपदफा (१) बमोजिम निबेदन दिँदा उधोग नियमन शाखाले निर्धारण गरे बमोजिम विधुतीय माध्यमबाट समेत दिन सकिनेछ ।

**५. उधोग दर्ताको सिफारिस लिनुपर्ने :-**

(१) स्थानीय उधोग बाहेक अन्य उधोग नगरपालिका भित्र दर्ता र संचालन गर्न चाहेमा त्यस्तो उधोगले उधोग दर्ता गर्ने निकायले तोकेको कागजात सहित उधोग नियमन शाखामा सिफारिसका लागि तोकिए बमोजिम निबेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निबेदन परेमा कार्यपालिकाले तोकिए बमोजिम सिफारिस गर्न सक्नेछ।

**६. उधोग दर्ताको प्रमाणपत्र दिनुपर्ने :**

(१) दफा ४ बमोजिम उधोग दर्ताका लागि परेको निबेदन जाँचबुझ गर्दा आवश्यक विवरण तथा कागजात पुरा भएको देखिएमा निबेदन परेको पन्ध्र दिनभित्र उधोग नियमन शाखाले निबेदन माग भए बमोजिमको उधोग दर्ता गरि तोकिए बमोजिमको ढांचामा निवेदकलाई उधोग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निबेदन जाँचबुझ गर्दा थप विवरण वा कागजात आवश्यक देखिएमा सात दिनभित्र उधोग नियमन शाखाले निवेदकलाई पेश गर्न लगाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम माग गरेको विवरण वा कागजात निवेदकले पेश नगरेमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पुरा भएको नदेखिएमा उधोग दर्ता गर्ने निकायले कारण खुलाई उधोग दर्ताको निबेदन वा सिफारिस अस्वीकृत गर्न सक्नेछ र सोको जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम उधोग दर्ताको प्रमाणपत्र दिँदा अन्य कुराका अतिरिक्ति देहायका विवरणहरु समेत त्यस्तो प्रमाणपत्रमा खुलाउनु पर्नेछ;

(क) उधोग दर्ताको प्रमाणपत्र जारि भएको मिति,

(ख) उधोगले ब्यबसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्ने अबधि,

(ग) उधोगले पालना गर्नुपर्ने शर्तहरु,

(घ) उधोगको प्रकृति अनुसार तोकिए बमोजिमका अन्य शर्तहरु ।

(५) उधोग दर्ता गरेपछि प्रचलित कानुन बमोजिम "वाताबरणिय अध्ययन प्रतिबेदन"आबश्यक पर्ने भएमा सो कार्य सम्पन्न पछि मात्र उधोग स्थापना, संचालन, व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिम दर्ता भएको उधोगले उधोग दर्ता गर्ने निकायले समय समयमा दिएको निर्देशन तथा दर्ता प्रमाणपत्रमा उल्लेखित शर्तहरुको पालना गर्नु पर्नेछ ।

७. **<u>वाताबरणमा प्रतिकूल असरको निराकरण गर्नुपर्ने</u> :**

(१) उधोग संचालनको क्रममा वातावरणमा पर्न सक्ने प्रतिकूल असरको निराकरण गर्ने जिम्मेवारी सम्बन्धित उधोगको हुनेछ ।

(२) उधोग नियमन शाखाले वाताबरण लगायतका सम्बन्धमा दिएको निर्देशनको पालना गर्नु सम्बन्धित उधोगको दायित्व हुनेछ ।

८. **<u>व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको जानकारी दिनुपर्ने</u>:**

(१) यस ऐन बमोजिम दर्ता भएको स्थानीय उधोगले उधोग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधि भित्र उधोग संचालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ र उधोग नियमन शाखालाई तोकिए बमोजिमको ढाँचामा निबेदन दिई सोको जानकारी गराउनुपर्नेछ ।

(२) कुनै उधोगले उपदफा (१) बमोजिमको अवधिभित्र निबेदन दिन नसकेको कारण खुलाई उधोग दर्ता प्रमाणपत्र उल्लिखित अवधि समाप्त भएको मितिले ३० दिन भित्र त्यस्तो प्रमाणपत्रमा उल्लिखित अवधि बढाउनका लागि उधोग नियमन शाखा समक्ष निबेदन दिन सक्नेछ । अनुमतिपत्र लिनु पर्ने बाहेकका यो ऐन लागु हुनु अगावै दर्ता भएका तथा यस अघि थपिएको म्याद भित्र समेत संचालन वा उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेका अन्य उधोगको हकमा समेत यो उपदफा प्रारम्भ भएको मितिले ३० दिन भित्र त्यस्तो निबेदन दिई सक्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निबेदन प्राप्त हुन आएमा र कारण मनासिब देखिएमा उधोग नियमन शाखाले त्यस्तो उधोगको संचालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि तोकिए बमोजिम बढाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अवधि बढाउँदा उधोग स्थापनाको लागि गर्नु पर्ने निर्माण लगायतको कामको प्रगति हेरी लघु उधोगको हकमा पाँच हजार, घरेलु उधोगको हकमा दश हजार र साना उधोगको हकमा प्रति वर्ष पच्चीस हजारका दरले जरिवाना लिई उधोग संचालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि बढाउन सकिनेछ ।

(५) उपदफा (३) बमोजिम अबधि बढाइएकोमा सम्बन्धित उधोगले सो अवधिभित्र उधोगको संचालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ ।

(६) उपदफा (१) बमोजिमको अवधिभित्र उधोग संचालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ नगरेमा वा उपदफा (२) बमोजिम अवधि बढाउन निबेदन नदिएमा वा

उपदफा (३) बमोजिम बढाइएको अवधिभित्र पनि त्यस्तो उधोगले उधोग संचालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ नगरेमा त्यस्तो उधोगको दर्ता प्रमाणपत्र स्वत: खारेज हुनेछ ।

(७) उपदफा (६) बमोजिम उधोगको दर्ता प्रमाणपत्र खारेज भएमा उधोग दर्ता गर्ने निकायको अभिलेखमा रहेको त्यस्तो उधोगको दर्ता प्रमाणपत्रमा कारण खुलाई खारेज भएको व्यहोरा जनाउनु पर्नेछ र सोको अभिलेख अधावाधिक गर्नु पर्नेछ ।

९. **<u>अवधि थपको लागि निबेदन दिन सक्ने</u>** :

(१) कुनै उधोगले उधोग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र उधोग संचालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकी त्यस्तो अबधि बढाउनुपर्ने भएमा त्यसरी अवधि बढाउनुपर्ने आधार र कारण सहित उधोग नियमन शाखा समक्ष निबेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निबेदन परेमा उधोग नियमन शाखाले प्राप्त निबेदनको सम्बन्धमा निवेदकबाट थप कुनै विवरण, कागजात वा जानकारी माग गर्नु पर्ने देखेमा सात दिनभित्र त्यस्तो विवरण, कागजात वा जानकारी माग गरि आवश्यक जाँचबुझ गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा त्यस्तो विवरण, कागजात वा जानकारी प्राप्त भएको पन्ध्र दिनभित्र उधोगको प्रकृति, उधोग संचालनका लागि हालसम्म भएको प्रगति, अवधि थप गर्नु पर्ने औचित्य समेतको आधारमा उधोग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिमा बढीमा एक वर्षको लागि त्यस्तो उधोगको संचालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न अबधि थप गर्न सकिनेछ ।

१०. **<u>अनुगमन गर्ने</u>** :

(१) उधोग नियमन शाखाले उधोग दर्ता प्रामाणपत्रमा उल्लिखित शर्तहरुको पालना गरे नगरेको सम्बन्धमा उधोगको नियमित अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमनको शिलशिलामा सम्बन्धित उधोगबाट कुनै जानकारी वा विवरण माग गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित उधोगको कर्तब्य हुनेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको जानकारी वा विवरणबाट त्यस्तो उधोग संचालनमा कुनै किसिमको समस्या भएको देखिएमा सम्बन्धित उधोगसँग परामर्श गरि उधोग नियमन

शाखाले त्यस्तो उधोगलाई आवश्यक सहयोग उपलब्ध गराउन सिफारिस वा समन्वय गर्न सक्नेछ ।

**११. <u>उधोग स्थानान्तरणको लागि स्वीकृति लिनुपर्ने</u> :**

(१) कुनै एक ठाउँमा संचालन गर्ने गरि दर्ता भएको उधोग कुनै कारणले अन्यत्र स्थानान्तरण गर्नु पर्ने भएमा सो को कारण खुलाई देहायका विवरण र कागज सहित तोकिए बमोजिमको ढाँचामा उधोग नियमन शाखामा निबेदन दिनु पर्नेछ :-

(क) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र,

(ख) अघिल्लो आर्थिक वर्षसम्मको लेखापरिक्षण प्रतिबेदन,

(ग) उधोग स्थानान्तरण गर्ने सम्बन्धित वडाको सिफारिस,

(घ) वातावरणीय अध्ययन प्रतिबेदन आवश्यक पर्ने भएमा सोको स्वीकृत प्रतिबेदन,

(ङ) उधोग संचालन गर्दा ऐन वा प्रचलित कानुन बमोजिम कुनै छुट, सुबिधा वा सहुलियत प्रदान गरेको भए त्यस्तो निकायको सहमति ।

(२) उपदफा (१) बमोजिम निबेदन प्राप्त भएपछी कारण मनासिब देखिएमा तोकिए बमोजिमको उधोग स्थानान्तरणको लागि नगर प्रमुखले स्वीकृति दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त निबेदन जाँचबुझ गर्दा उधोग स्थानान्तरणको स्वीकृति दिन मनासिब नदेखिएमा उधोग नियमन शाखाले सोको जानकारी सात दिनभित्र निबेदकलाई दिनु पर्नेछ ।

(४) उधोग स्थानान्तरण सम्बन्धि अन्य व्यवस्थापन उधोग नियमन शाखा र नगर कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

**१२. <u>विवरण उपलब्ध गराउनुपर्ने</u> :**

(१) प्रत्येक उधोगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि देहाय बमोजिमको विवरण प्रत्येक आर्थिक बर्ष समाप्त भएको छ महिनाभित्र उधोग नियमन शाखा समक्ष पेश गर्नु पर्नेछ :-

(क) लेखापरीक्षण प्रतिबेदन,

(ख) अघिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाणपत्र,

(ग) स्वीकृत वा जडित क्षमता,

(घ) तोकिए बमोजिमको ढाँचामा तयार गरेको अधावधिक विवरण ।

(२) उपदफा (१) बमोजिम पेश गर्नुपर्ने विवरण तोकिए बमोजिम विधुतीय माध्यमबाट समेत पेश गर्न सकिनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम विवरण वा कागजात प्राप्त भएपछी कार्यपालिकाले आफ्नो अभिलेख अधावधिक गरि सोको जानकारी सात दिनभित्र सम्बन्धित उधोगलाई दिनु पर्नेछ ।

१३. **<u>उधोग बन्द गरेमा जानकारी दिनुपर्ने</u>** : यस ऐन बमोजिम दर्ता भएको उधोग कुनै कारणले बन्द भएमा वा उधोगको व्यवसायिक उत्पादन वा कारोबार स्थगन गरेमा त्यसरी बन्द वा स्थगन भएको मितिले तिस दिन भित्र उधोग नियमन शाखालाई तोकिए बमोजिम जानकारी दिनु पर्नेछ ।

**१४. <u>उधोगको दर्ता खारेजी गर्न निबेदन दिन सकिने</u> :**

(१) कुनै कारणले उधोग संचालन गर्न नसकिने भएमा त्यस्तो उधोगको दर्ता खारेजीको लागि उधोग नियमन शाखा समक्ष देहाय बमोजिमको कागजात सहित तोकिएको ढाँचामा निबेदन दिन सक्नेछः-

(क) मान्यता प्राप्त मूल्यांकनकर्ताबाट तयार गरिएको उधोगको जायजेथा मूल्यांकन प्रतिबेदन,

(ख) उधोगमा कार्यरत श्रमिक लगायतका सम्पूर्ण कर्मचारीको दायित्व फरफारक गरेको विवरण,

(ग) उधोगको अन्य दायित्व फरफारक प्रतिबेदन,

(घ) लिक्विडेटर नियुक्ति गरेको भए त्यस्तो लिक्विडेटरले पेश गरको उधोगको खारेजी सम्बन्धि प्रतिबेदन,

(ङ) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र,

(च) उधोग दर्ताको सक्कल प्रति,

(छ) अघिल्लो आर्थिक वर्षसम्मको लेखापरीक्षण प्रतिबेदन,

(ज) उधोगको बिरुद्द कुनै अदालत वा न्यायिक निकायमा मुद्दा विचाराधीन नरहेको भनि सम्बन्धित उधमीले गरेको स्व: घोषणा ।

तर उधोगले तिर्नु बुझाउनु पर्ने दायित्वको सम्बन्धमा कुनै अदालत वा न्यायिक निकायमा मुद्दा विचाराधीन रहेकोमा त्यस्तो मुद्दाको अन्तिम किनारा हुँदाको बखत ठहर्न सक्ने दायित्व बराबरको रकम कार्यपालिकामा धरौटीको रुपमा जम्मा गरेको प्रमाण पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निबेदन परेमा नगरपालिकाले सो उधोगसंग कसैको कुनै प्रकारको लेनदेन बाँकी भए सो को प्रमाण सहित ३५ दिन भित्र उधोग नियमन शाखामा लिखित दाबी पेश र नगर स्तरको दैनिक पत्रिकामा सार्बजनिक सुचना प्रकाशन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रकाशित सुचना अनुसार सो अवधिभित्र कसैको दाबि परि जाँचबुझ गर्दा त्यस्तो दाबि पूर्ण वा आंशिक रुपमा ठिक ठहरेमा ठहरे बमोजिमको दायित्व फरफारक गर्न कार्यपालिकाले सम्बन्धित उधोगलाई आदेश दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम जारी आदेश अनुसार सम्बन्धित उधोगले दायित्व फराफारख गरेको देखिएमा उधोग नियमन शाखाले सात दिन भित्र सो उधोग दर्ता खारेज गरी लगतकट्टा गर्नु पर्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिमको आदेश अनुसार फरफारकको कार्य सम्पन्न नभएसम्म त्यस्तो उधोगको दर्ता खारेजी वा लगत कट्टा हुने छैन ।

**१५. <u>उधोगको स्थिर पुँजी वा क्षमता परिवर्तन गर्न स्वीकृति लिनुपर्ने</u> :**

(१) कुनै उधोगले यस ऐन बमोजिम उधोगको स्थिर पुँजी वा क्षमतामा परिवर्तन गर्न चाहेमा उधोग नियमन शाखा समक्ष देहायका विवरण वा कागजात सहित तोकिएको ढाँचामा निबेदन दिनु पर्नेछ :-

(क) अघिल्लो आर्थिक बर्षको लेखापरीक्षण प्रतिबेदन,

(ख) अधिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाणपत्र,

(ग) तोकिए बमोजिमको उधोगको अधावधिक विवरण,

(घ) उधोगको प्रबन्धपत्र, नियमावली र कम्पनि दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) साझेदारी फर्म भए साझेदारबिचको सम्झौताको प्रतिलिपि,

(च) अन्य कुनै निकायको सिफारिस आवश्यक पर्ने भएमा त्यस्तो सिफारिस पत्र ।

(२) उपदफा (१) बमोजिम प्राप्त निबेदन जाँचबुझ गर्दा उधोगको साबिकको स्थिर पुँजी परिवर्तन वा उधोगको क्षमता परिवर्तन गर्न मनासिव देखिएमा उधोग नियमन शाखाले आवस्यकता अनुसार उधोगको स्थलगत निरीक्षण गरि वा गराई प्रतिबेदन लिइ उधोगको हाल कायम रहेको स्थिर पुँजीमा परिवर्तन वा उधोगको क्षमता परिवर्तन गर्न स्वीकृति दिन सक्नेछ ।

## परिच्छेद - ३
## उधोगको वर्गीकरण

१६. **उधोगको बर्गीकरण :**

(१) यस ऐनको प्रयोजनको लागि स्थानीय उधोगहरुलाई देहाय बमोजिम वर्गीकरण गरिएको छ :-

(क) लघु उधम : देहायको अवस्था भएको उधोगलाई लघु उधम मानिनेछ :-

(१) घर जग्गा बाहेक बढीमा बीस लाख रुपैंयाँसम्मको स्थिर पुँजी रहेको,

(२) उधमी स्वयं उधोगको संचालन र ब्यबस्थापनमा संलग्न रहेको,

(३) उधमी सहित बढीमा नौ जनासम्म कामदार रहेको,

(४) बार्षिक कारोबार एक करोड रुपैंया भन्दा कम रहेको, र

(५) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन उपकरण वा मेसिन खपत हुने विधुतीय उर्जा, इन्धन वा अन्य तेल इन्जिन क्षमता बिस किलोवाट वा सोभन्दा कम रहेको ।

(ख) घरेलु उधोग : देहायको अबस्था भएको उधोगलाई घरेलु उधोग मानिनेछ :-

(१) परम्परागत सिप र प्रविधिमा आधारित,

(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रबिधि, कला तथा संस्कृतिमा आधारित,

(३) इन्जिन, उपकरण वा मेशिनको प्रयोग गरेको भएमा बढीमा पचास किलोवाटसम्मको क्षमताको विधुतीय उर्जा प्रयोग गरेको, र

(४) अनुसूची -१ मा उल्लेख भए बमोजिमका उधोगहरु ।

(ग) साना उधोग : लघु उधम र घरेलु उधोग बाहेकको पन्ध्र करोड रुपैंयासम्म स्थिर पुँजी भएको उधोगलाई साना उधोग मानिनेछ ।

(घ) प्रदेश कानुन बमोजिम नगरपालिकामा दर्ता गरिने उधोगहरु यस ऐन र तोकिए बमोजिम हुनेछ ।

(ङ) संघीय कानुन बमोजिम नगरपालिकामा दर्ता गरिने उधोगहरु यस ऐन र तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा उल्लेखित उधोगलाई त्यस्ता उधोगबाट उत्पादन हुने बस्तु वा सेवाको प्रकृतिको आधारमा देहाय बमोजिम बर्गिकरण गरिनेछ :-

(क) उर्जामुलक उधोग: उर्जा उत्पादन गर्ने व्यवसायमा संलग्न अनुसूची-२ मा उल्लिखित उधोगहरु ।

(ख) उत्पादनमुलक उधोग : कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्ध प्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरि मालबस्तु उत्पादन गर्ने उधोगहरु ।

(ग) कृषि तथा वन पैदावारमा आधारित उधोग : कृषि वा वन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै बस्तु उत्पादन गर्ने वा कृषि वा वन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै बस्तु उत्पादन गर्ने वा कृषि वा वन पैदावारसंग सम्बन्धित अनुसूची-३ मा उल्लिखित उधोगहरु ।

(घ) खनिज उधोगहरु : ढुंगा, गिट्टी, बालुवा लगायत नदिजन्य र खनिज पदार्थ उत्खनन वा प्रसोधन गरि कुनै धातु वा धातु बाहेकका खनिज पदार्थ उत्पादन गर्ने उधोगहरु ।

(ङ) पर्यटन उधोग : पर्यटन सेवासँग सम्बन्धित अनुसूची-४ मा उल्लिखित उधोगहरु ।

(च) सुचना, प्रसारण तथा संचार प्रविधिमा आधारित उधोग : सुचना संकलन प्रशोधन र प्रसारणका लागि प्रबिधि प्रयोग गरी सुचना, संचार वा सुचना प्रविधिको सेवा उपलब्ध गराउने अनुसूची-५ मा उल्लिखित उधोगहरु ।

## परिच्छेद - ४

## उधोगलाई प्रदान गरिने छुट, सुबिधा वा सहुलियत सम्बन्धि ब्यबस्था

**१७. कर सम्बन्धि छुट, सुबिधा वा सहुलियत:-**

(१) यस ऐन अन्तर्गत दर्ता भएको उधोगलाई संघीय कानुन बमोजिम प्राप्त छुट, सुविधा वा सहुलियत अनतिक्रम्य हुनेछ ।

(२) यस ऐन अन्तर्गत दर्ता भएको उधोगलाई कार्यपालिकाले थप छुट सुबिधा वा सहुलियत प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) मा उल्लेख भए बमोजिमको उधोगलाई देहायका थप छुट, सुबिधा वा सहुलियत उपलब्ध गराइनेछ;

(क) नगर कार्यपालिकाले स्थानीय राजपत्रमा सुचना प्रकाशन गरी तोकेको टेक्नोलोजी पार्क, बायोटेक पार्क र सुचना प्रबिधि पार्कभित्र स्थापित सफ्टवेयर विकास, तथ्यांक,

प्रसोधन, साइबर क्याफे, डिजिटल म्यापिंग सम्बन्धित उधोगलाई पाँच वर्ष सम्म व्यवसाय कर पचास प्रतिशत छुट पाउनेछ ।

(ख) देहायको संख्यामा स्थानीय नागरिकलाई रोजगारी दिने देहायको उधोगलाई देहाय बमोजिमको छुट सुबिधा प्रदान गरिनेछः-

(१) बिस वा सो भन्दा बढी स्थानीय नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिने उत्पादनमुलक उधोग, सुचना तथा संचार प्रबिधि उधोगलाई सो वर्षको व्यवसायमा लाग्ने करको चालिस प्रतिशत,

(२) २५ वा सो भन्दा बढी स्थानीय नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिने उत्पादनमुलक उधोग, सुचना तथा संचार प्रबिधि उधोगलाई सो वर्षको व्यवसायमा लाग्ने करको तिस प्रतिशत,

(३) उपखण्ड (१) वा (२) बमोजिम रोजगारी प्राप्त स्थानीय नागरिक मध्ये कम्तिमा पचास प्रतिशत महिला, दलित वा अपाङ्गता भएका व्यक्तिहरु रहेमा त्यस्तो उधोगलाई सो वर्षको व्यवसाय कर मा थप बिस (पन्ध्र संघीय कानुनमा) प्रतिशत ।

(ग) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि महिला, दलित, सिमान्तकृत र “ग” श्रेणी सम्मको अशक्तता भएका अपाङ्गता भएका उधमीको मात्र स्वामित्व रहने गरी उधोग दर्ता गराएमा त्यस्तो उधोग दर्ता गर्दा प्रचलित कानुन बमोजिम लाग्ने उधोग दर्ता दस्तुरमा पचास प्रतिशत छुट हुनेछ र तिन वर्ष सम्म व्यवसाय करमा पन्ध्र प्रतिशत छुट हुनेछ ।

(घ) यो ऐन प्रारम्भ हुँदाका बखत संचालनमा रहेका घरेलु र साना उधोगलाई यो ऐन जारी भएको मितिले र यस ऐन बमोजिम दर्ता भइ संचालनमा आएको घरेलु तथा साना उधोगलाई व्यवसाय वा कारोबार शुरु गरेको मितिले न्यूनतम तिन वर्षसम्म व्यवसाय कर बिस प्रतिशत छुट हुनेछ ।

(ङ) कार्यपालिकाले तोकेको भौगोलिक क्षेत्र वा वर्गीकृत क्षेत्रमा उधोग स्थापना गर्ने सहकारी, लघु उधम, घरेलु र साना उधोगलाई बिउ पुँजी (सिड क्यापिटल) को रुपमा कार्यपालिकाले निर्णय गरि तोकेबमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

(च) स्थानीय उधोगले पाउने अन्य छुट सुबिधा र सहुलियत कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१८. **<u>लघु उधमको लागि अन्य सुबिधा एवं सहुलियत</u> :** प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम लघु उधम दर्ता गर्दा कुनै शुल्क वा दस्तुर लाग्ने छैन ।

१९. **<u>जग्गा सम्बन्धि व्यवस्था</u> :** यस ऐन वा प्रचलित कानुन बमोजिम दर्ता भएका उधोगका लागि आवस्यक जग्गा सम्बन्धित उधमीले प्रचलित कानुन बमोजिम आफैले खरिद गर्नु पर्नेछ । तर तोकिए बमोजिमको उधोग संचालन गर्ने उधमीले उधोगका लागि आवश्यक जग्गा खरिद गर्न नसकेमा सोहि व्यहोरा खुलाई जग्गा खरिद गर्न वा जग्गा उपलब्ध गराइदिन अनुरोध गरेमा कार्यपालिकाले जग्गा खरिद वा जग्गा उपलब्ध गराइदिने सम्बन्धमा आवश्यक समन्वय वा सहजीकरण गर्न सक्नेछ ।

**२०. <u>लिजमा जग्गा उपलब्ध गराउने</u> :-**

(१) राष्ट्रिय वा स्थानीय प्राथमिकता प्राप्त उधोग संचालन गर्ने नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा आवश्यक पर्ने भएमा त्यस्ता उधोगले आफूलाई आवश्यक पर्ने जग्गाको क्षेत्रफल खुलाई उपलब्ध गराउन नगर प्रमुख समक्ष तोकिए बमोजिम निबेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निबेदन प्राप्त हुन आएमा नगर कार्यपालिकाले उधोगलाई आवश्यक पर्ने जग्गा उपलब्ध गराउने सम्बन्धमा आवश्यक कारबाही अगाडी बढाउन सम्बन्धित निकायमामा पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम निबेदन प्राप्त भएमा प्रचलित कानुन बमोजिम त्यस्तो जग्गा उधोग संचालनको प्रयोजनको लागि सम्बन्धित उधोगलाई लिजमा उपलब्ध गराउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा लिजमा उपलब्ध गराए बापत उधोगले तिर्नुपर्ने रकम र लिज सम्बन्धि अन्य शर्तहरु नेपाल सरकार र सम्बन्धित उधोग बीच हुने सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(५) जग्गाको लिज सम्बन्धि अन्य व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**२१. <u>छुट, सुबिधा वा सहुलियतको प्रत्याभूति</u> :** यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भइ संचालनमा रहेका स्थानीय उधोगलाई यस ऐन र प्रचलित कानुन बमोजिम प्रदान गरिएको छुट, सुविधा वा सहुलियतलाई सिमित गर्ने गरी कुनै व्यवस्था गरिने छैन ।

**२२. <u>औधोगिक सुरक्षा सम्बन्धि ब्यबस्था</u> :** प्रचलित कानुन बमोजिम स्थापना भएको उधोगको लागि आवश्यकता अनुसार औधोगिक सुरक्षाको अतिरिक्त स्थानीय स्तरमा सुरक्षित संचालनको वातारण वनाई राख्न नगर कार्यपालिकाले आवश्यक सहयोग, समन्वय वा सहजीकरण गर्नेछ ।

**२३. <u>अनुदान दिन सक्ने</u> :** कुनै स्थानीय उधोगलाई विपद, बन्द हड्ताल जस्ता आपतकालीन अवस्थामा उधोगले अकल्पनीय क्षति व्यहोरेमा नगर कार्यपालिकाले अनुदान उपलब्ध गराउन सक्नेछ ।

**२४. <u>छुट, सुबिधा वा सहुलियतको दुरुपयोग गर्न नहुने</u> :** यस ऐन बमोजिम उधोगले प्राप्त छुट, सुबिधा वा सहुलियत जुन प्रयोजनको लागि दिईएको हो सो प्रयोजनको लागि मात्र प्रयोग गर्नुपर्नेछ र त्यसको दुरुपयोग गर्न पाइने छैन ।

## परिच्छेद - ५

## <u>एकल बिन्दु सेवा केन्द्र सम्बन्धि ब्यबस्था</u>

**२५. <u>एकल बिन्दु सेवा केन्द्र स्थापना</u> :-**

(१) यस ऐन तथा प्रचलित अन्य कानुन बमोजिम उधोग वा लगानीकर्तालाई प्राप्त हुने छुट, सुबिधा वा सहुलियत र उधोगको लागि आवस्यक पर्ने पूर्वाधार सम्बन्धि सेवा समयमै सरल र सहज रुपमा एकै थलोबाट उपलब्ध गराउने सम्बन्धमा कार्यपालिकाले स्थानीय राजपत्रमा सुचना प्रकाशन गरी उधोग नियमन शाखाले एकल बिन्दु सेवा केन्द्रको काम गर्ने गरी तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम एकल बिन्दु सेवा केन्द्र स्थापना नभएसम्म वा नतोकीए सम्मका लागि यस ऐन बमोजिम उधोगले पाउने छुट, सुबिधा वा सहुलियत एकै थलोबाट समयमै उपलब्ध गराउने कार्य उधोग नियमन शाखाले गर्नेछ ।

## परिच्छेद - ६

## <u>सजाय र पुनराबेदन सम्बन्धि ब्यबस्था</u>

**२६. <u>सजाय सम्बन्धि ब्यबस्था</u> :-**

(१) कसैले देहाय बमोजिमको कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ ;

(क) यस ऐन बमोजिम उधोग दर्ता नगराई उधोग स्थापना वा संचालन गरेको पाइएमा,

(ख) दफा ७ बमोजिम वाताबरण प्रतिकूल असरको निराकरण नगरेको पाइएमा,

(ग) दफा १२ बमोजिमको विवरण उपलब्ध नगरेको पाइएमा,

(घ) दफा १३ बमोजिमको विवरण तोकिएको अवधि भित्र जानकारी उपलब्ध नगरेमा,

(ङ) दफा २४ बमोजिम स्थानीय उधोगलाई प्राप्त छुट, सुबिधा वा सहुलियतको दुरुपयोग गरेको पाइएमा,

(च) दफा ३४ बमोजिम व्यवसायिक सामाजिक जिम्मेवारी पुरा नगरेमा ।

(२) उपदफा (१) बमोजिमको कार्य गरेको ठहरिएमा सम्बन्धित व्यक्ति वा उधोगलाई प्रमुख प्रशासकीय अधिकृतले पचास हजार देखि तिन लाख रुपैयाँ सम्म जरिवाना तोक्न सक्नेछ ।

२७. **<u>पुनराबेदन सम्बन्धि ब्यबस्था</u> :** (१) दफा २६ बमोजिमको सजायको आदेश उपर चित्त नबुझेमा त्यस्तो सजायको जानकारी पाएको मितिले पैंतीस दिनभित्र त्यस्तो व्यक्ति वा उधोगले सम्बन्धित जिल्ला अदालतमा पुनराबेदन दिन सक्नेछ ।

(२)उपदफा (१) बमोजिम जिल्ला अदालतबाट भएको निर्णय अन्तिम हुनेछ ।

२८. **<u>प्रशासकीय निर्णय सम्बन्धी ब्यबस्था</u> : (१)** यस ऐन बमोजिम कसुर हुने निर्णय बाहेक अन्य सम्पूर्ण प्रशासकीय निर्णय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको निर्णय चित्त नबुझेमा निर्णय भएको मितिले पन्ध्र दिन भित्र दफा २९ बमोजिमको समितिमा पुनराबेदन दिन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम पुनराबेदन परेमा समितिले सो उपर पन्ध्र दिन भित्र अन्तिम निर्णय गर्नेछ ।

(४) उपदफा (३) बमोजिम समितिबाट भएको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद - ७

## <u>स्थानीय उधोग प्रबर्द्दन समिति</u>

**२९. <u>स्थानीय उधोग प्रबर्द्दन समितिको गठन</u> :-**

(१) नगरपालिका क्षेत्रमा लघु उधम, घरेलु उधोग तथा साना उधोगको प्रबर्द्दन सम्बन्धि कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन देहाए बमोजिमको उधोग प्रबर्द्दन समिति रहनेछ :-

(क) नगर प्रमुख - अध्यक्ष

(ख) नगर प्रमुखले नगर कार्यपालिका सदस्यहरु मध्येबाट मनोनयन गरेको एक जना महिला सहित बढीमा दुइ जना - सदस्य

(ग) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय - सदस्य

(घ) नगरपालिका स्थित स्थानीय उधोग संग सम्बद् छातासंगठनका प्रतिनिधिहरु मध्येबाट कार्यपालिकाले मनोनयन गरेको कम्तिमा एक जना महिला सहित बढीमा दुइ जना - सदस्य

(ङ) प्रमुख, जिल्ला घरेलु तथा साना उधोग कार्यालय/ समिती - सदस्य

(च) उपभोक्ता हित संरक्षण सम्बन्धी कार्य गर्ने संस्थाहरु मध्यबाट कार्यपालिकाले मनोनयन गरेको एक प्रतिनिधि - सदस्य

(छ) शाखा प्रमुख, उधोग नियमन शाखा - सदस्य सचिब

(२) समितिको बैठक समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ । समितिले बैठकमा आवश्यकता अनुसार बिषय बिज्ञ, सरोकारवाला निकाय एवं सम्बद् उधोग व्यवसायी संघ संस्थाका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको सचिवालयको काम उधोग नियमन शाखाले गर्नेछ ।

(४) उपदफा (१) को खण्ड (घ) र (च) बमोजिमका मनोनित सदस्यको कार्य दुइ बर्षको हुनेछ ।

**३०. <u>समितिको काम, कर्तब्य र अधिकार</u> :**

(१) दफा २८ बमोजिम गठन भएको समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नगरपालिकाको औधोगिक प्रबर्द्दन, लगानीको संरक्षण, अभिवृद्धि तथा औधोगीकरण सम्बन्धमा देखा परेका समस्या समाधानका लागि आबस्यक पहल गर्ने,

(ख) नगरपालिकामा रहेका उधोग संचालनमा कुनै बाधा, अड्काउ वा दुबिधा उत्पन्न भएमा त्यसको समाधानको लागि सहजीकरण गर्ने,

(ग) स्थानीय उधोगको बिकास प्रबर्द्दन गर्ने,

(घ) औधोगिक प्रदूषण न्यूनीकरणका लागि आबस्यक पहल गर्ने,

(ङ) नगरपालिकाको औधोगिक बिकासको स्थितिको समग्र मूल्यांकन तथा समीक्षा गरि आवस्यक कदम चाल्न जिल्ला समन्वय समिति समक्ष सुझाब तथा सिफारिस गर्ने,

(च) प्रचलित कानुन बमोजिम उधोगले पाउने सेवा सुबिधा सहुलियत उधोगहरुलाई दिलाउन कुनै कठिनाइ आइपरेमा सोको निराकरणका लागि आबस्यक पहल गर्ने,

(छ) उधोगिको गुनासो सुनुवाई गरि समस्या समाधान गर्ने वा गराउने तथा सम्बन्धित निकायलाई सिफारिस गर्ने,

(ज) नगरपालिकाको एकीकृत औधोगिक सुचना व्यस्थापन प्रणालीको विकास गरी प्रयोगमा ल्याउन सुझाब दिने,

(झ) सार्बजनिक, निजि र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र समन्जस्यपूर्ण सहकार्यमा नगरपालिकामा प्रतिस्पर्धात्मक औधोगिक वातावरण निर्माण गर्न आवश्यक कार्य गर्ने वा गराउने,

(ञ) जिल्लामा औधोगीकरणको गतिलाई तिब्रता दिन औधोगिक पूर्वाधारको लागि आबस्यक कार्य गर्ने वा गराउने,

(ट) औधोगिक ग्राम PPE (Public Private Partnership सरकारी निजि सहकार्यता मोडेलमा स्थापना गर्न सहजीकरण गर्ने,

(ठ) उधोग तथा लगानी प्रबर्द्दन सम्बन्धि स्थानीय तहमा कार्यन्वयन हुने कार्यक्रमको प्रभावकारी कार्यन्वयनको लागि आबस्यक सहयोग गर्ने,

(ड) स्वदेशी बस्तुको प्रबर्द्दन सम्बन्धि कार्य गर्ने,

(ढ) उधोग प्रबर्द्दनको लागि सम्बन्धित प्रदेश तथा संघिय मन्त्रालयमा आबश्यक पृष्ठपोषण दिने,

(ण) उधोग क्षेत्रको बिकास र प्रबर्द्दन लागि अन्य आबस्यक कार्य गर्ने ।

(२) समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

## परिच्छेद - ८

## बिबिध

**३१. औधोगिक जनशक्ति :-**

(१) उधोगलाई आबस्यक पर्ने जनशक्ति नेपाली नागरिकबाट पूर्ति गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरस्तरको पत्रिकामा बिज्ञापन प्रकाशन गर्दा पनि उधोगको लागि चाहिने कुनै खास शिप वा दक्षता भएको जनशक्ति नेपाली नागरिकमध्येबाट उपलब्ध हुन नसकेमा श्रम बिभागको सिफारिसमा श्रम स्वीकृति लिई बढीमा पाँच वर्षसम्मको लागि त्यस्तो उधोगले बिदेशी नागरिकलाई नियुक्त गर्न सक्नेछ ।

(३) उधोगमा कार्यरत कामदार तथा कर्मचारीले उधोगको संचालन तथा त्यसको उत्पादनमा बाधा अबरोध पुग्ने गरी बन्द हड्ताल जस्ता कुनै पनि काम कारबाही गर्न पाउने छैनन् ।

तर कामदार तथा कर्मचारीले आफ्ना जायज मागहरु शान्तिपूर्ण ढंगले व्यवस्थापन समक्ष राख्न र आपसी समझदारीमा बिबादको समाधान गर्न यो उपदफाले बाधा पुर्याएको मानिने छैन ।

(४) उपदफा (३) बमोजिम बिबाद समाधान हुन नसकेमा बिबाद समाधान गर्ने प्रयोजनका लागि कार्यपालिकामा त्यस्ता बिबाद पेश गर्न सकिनेछ । कार्यपालिकाबाट यस सम्बन्धमा भएको निर्णय अन्तिम हुनेछ र दुवै पक्षले पालना गर्नु पर्नेछ ।

३२. **रुग्ण उधोगको पहिचान, बर्गिकरण र सुबिधा, सहुलियत तथा छुट :-**

(१) रुग्ण उधोगको पहिचान संघिय सरकारको प्रचलित औधोगिक व्यवसाय सम्बन्धि कानुन तथा कार्यपालिकाको नियम अनुसार हुनेछ ।

(२) रुग्ण उधोगलाई दिनुपर्ने छुट सुबिधा, सहुलियत वा अनुदान कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

**३३. करार गरी उत्पादन गर्न सक्ने :** कुनै उधोग वा कम्पनि वा फर्म वा प्रतिस्ठानले आपसमा करार (कन्ट्रयाक्ट) वा उपकरार (सब- कन्ट्रयाक्ट) गरी बस्तु वा सेवाको उत्पादन गर्न सक्ने कुनै निर्यातमूलक उधोग वा निर्यात प्रबर्द्दन गृहको लागि देहाय बमोजिमको मापदण्ड पुरा गरि करार वा उपकरारका आधारमा निश्चित परिणाममा बस्तु वा सेवाको उत्पादन गरेमा त्यस्तो उधोग वा कम्पनि वा फर्म वा प्रतिष्ठानलाई छुट, सुबिधा वा सहुलियत तोकी स्थानीय सरकारले उपलब्ध गराउन सक्नेछ :-

(क) उधोग नियमन शाखाले तोकेबमोजिम निश्चित परिणाममा बस्तु वा सेवा उत्पादन गरेको,

(ख) स्वदेशी कच्चा पदार्थ प्रयोग गरी उत्पादन गरेको वा आयातित कच्चा पदार्थ भए कम्तिमा तिस प्रतिशत मूल्य बृदि हुने गरी बस्तु वा सेवा उत्पादन गरेको,

(ग) उधोगले आफ्नो उत्पादनको कम्तिमा चालिस प्रतिशत उत्पादन निर्यात प्रयोजनको लागी निर्यातमूलक उधोग वा निर्यात प्रबर्द्दन गृहलाई उपलब्ध गराएको,

(घ) दर्ता भएको ट्रेडमार्क प्रयोग गरेको ।

**३४. कोष सम्बन्धि ब्यबस्था :-**

**(१)** उधोग नियमन शाखाले नगरपालिकाको औधोगिक विकास, प्रबर्द्दन तथा संरक्षणका लागि निजि तथा सहकारी क्षेत्र समेतको सहभागितामा आवश्यकता अनुसार देहायका कुनै वा सबै कोष खडा गर्न सक्नेछ :-

(क) लघु, घरेलु तथा साना उधम विकास कोष,

(ख) जोखिम पुँजी कोष,

(ग) प्रबिधि विकास कोष,

(घ) औधोगिक लगानी संरक्षण तथा प्रबर्द्दन कोष,

(ङ) रूग्ण उधोग पुनरुत्थान, पुननिर्माण तथा व्यवस्थापन कोष,

(च) महिला उधमशिलता कोष ।

(२) उपदफा (१) मा उल्लिखित कोषमा जम्मा हुने रकम, त्यस्ता कोषको ब्यबस्थापन र संचालन सम्बन्धि कार्यविधि र अन्य ब्यबस्था तोकिए बमोजिम हुनेछ ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत नगरपालिकाले उपदफा (१) मा उल्लेखित कुनै कोष संचालन गरेको भए त्यस्तो कोष यसै ऐन बमोजिम स्थापना र संचालन भएको मानिनेछ ।

३५. **व्यवसायिक सामाजिक जिम्मेवारी :** उधोगले पुरा गर्नु पर्ने ब्यबसायिक सामाजिक जिम्मेवारी प्रचलित कानुन र नियममा तोकिए बमोजिम हुनेछ ।

**३६. पुरस्कृत गर्न सकिने :** कार्यपालिकाले स्थानीय उधोगहरु मध्येबाट आबश्यक मानक तयार गरी उत्कृष्ट उधोगलाई पुरस्कृत गर्न सक्नेछ ।

**३७. बजार प्रबर्द्न गर्न सक्ने :** कार्यपालिकाले स्थानीय उधोगहरुको उत्पादनको बजार प्रबर्द्न गर्न आवश्यक कार्यहरु गर्न सक्नेछ ।

३८. **औधोगिक करिडोर, औधोगिक ग्राम तथा औधोगिक क्लस्टर घोषणा गर्न सक्ने**:- औधोगिक बिकासको लागि पर्याप्त सम्भावना र अवसर उपलब्ध रहेको नगरपालिकाको कुनै भाग वा स्थानलाई तोकिए बमोजिमको मापदण्डका अधिनमा रही कार्यपालिकाले स्थानीय राजपत्रमा सुचना प्रकाशन गरी PPE (Public Private Engagement) सरकारी निजि सहकार्यतामा औधोगिक करिडोर, औधोगिक ग्राम तथा औधोगिक क्लस्टर घोषणा गरी तोकिए बमोजिम सेवा, सुबिधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछ ।

३९. **स्थानीय उधोगको गुनासो ब्यबस्थापन गर्ने :** स्थानीय उधोगलाई कुनै मर्का परेमा उल्लेखित फेहरिस्त सहितको गुनासो उधोग नियमन शाखामा पेश गर्न सक्नेछ । उक्त गुनासो उपर कार्यपालिकाले आबश्यक निर्णय गर्न सक्नेछ ।

४०. **बाधा अड्काउ फुकाउने अधिकार :** यस ऐनको कार्यन्वयन गर्दा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले स्थानीय राजपत्रमा सुचना प्रकाशन गरि त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

४१. **अनुसूचिमा हेरफेर वा थपघट गर्न सक्ने :** कार्यपालिकाले स्थानीय राजपत्रमा सुचना प्रकाशन गरि अनुसूचीमा आबस्यकता अनुसार हेरफेर, थपघट वा परिमार्जन गर्न सक्नेछ ।

४२. **नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउने अधिकार :-** यस ऐनलाई कार्यन्वयन गर्न एवं उधोगको दर्ता, नियमन सम्बन्धि काम कारबाहीलाई सरल बनाउन कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाइ लागु गर्न सक्नेछ ।

## अनुसूची - १
### (दफा १६ को उपदफा (१) को खण्ड (ख) संग सम्बन्धित )

घरेलु उधोगहरुः-

१. ह्याण्ड लुम, पेडल लुम, सेमी - अटोमेटिक लुम, कपडा वार्पिङ, परम्परागत प्रविधिबाट गरिने रंगाई, छपाइ, सिलाई (तयारि पोशाक बाहेक ) र बुनाइ,
२. उन र रेशममा आधारित हाते बुनाइका राडी, पाखी, गलौंचा, पश्मिना, पोशाक, हातेकागज र सो मा आधारित बस्तु
३. परम्परागत कलामा आधारित बस्तु,
४. परम्परागत मूर्तिकला
५. तामा, पित्तल, ढलौट, कांस र जर्मन सिल्भर जस्ता धातुबाट हस्तनिर्मित भाँडावर्तन तथा हस्तकला सामान,
६. फलामबाट बनेका हस्तनिर्मित भाँडा वर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हँसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरु,
७. सुन चांदीबाट हस्तनिर्मित गरगहना, बस्तु, भाँडा वर्तनहरु (बहुमूल्य, अर्ध - बहुमूल्य तथा साधारण पत्थर जडान भएका समेत ),
८. स्वदेशमा उपलब्ध किमती, अर्ध किमती तथा साधारण पत्थर कटाई उधोग, ग्रामिण छालाबाट हस्त निर्मित बस्तुहरु,
९. जुट, सवाई घाँस, चोया, बाबियो, सुति धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उधोग,
१०. पत्थरकला (ढुंगा कुंदी बनाइएका सामानहरु),
११. पौभा, थान्का चित्र र अन्य परम्परागत चित्रकला,
१२. मुकुण्डो (मास्क) तथा परम्परागत संस्कृतिक दर्शाउने पुतली र खेलौना,
१३. परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने बिभिन्न प्रकारका हस्तकलाका बस्तु,
१४. काठ, हाड, सिङ् तथा माटो, चट्टान र खानिजका कलात्मक बस्तुहरु, सेरामिक्स तथा माटाका भाँडाकुँडा,
१५. हातले छाप्ने इँटा उधोग ।

**अनुसूची - २**

**(दफा १६ को उपदफा (२) को खण्ड (क) संग सम्बन्धित )**

उर्जामुलक उधोग :-

१. जलस्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल र इन्धन वा ग्याँस, वायोमास वा अन्य स्रोतहरुबाट उर्जा उत्पादन गर्ने उधोग, त्यस्तो उर्जा उत्पादन गर्न प्रयोग गरिने मेसिन / उपकरण निर्माण गर्ने उधोग,

२. बिधुत प्रसारण लाईन,

३. बिधुत वितरण प्रणाली ।

## अनुसूची - ३

**(दफा १६ को उपदफा (२) को खण्ड (ग) संग सम्बन्धित )**

कृषि तथा बन पैदावार आधारित उधोग

१. फलफुल खेति वा फलफुल प्रसोधन,
२. खाधबस्तु प्रशोधन,
३. पशुपालन, पंक्षीपालन (अस्ट्रिच समेत ), पशुपंक्षि प्रजनन र मासु उत्पादन तथा प्रसोधन,
४. मत्स्यपालन, माछाभुरा उत्पादन, प्रशोधन एबं प्याकेजिंग,
५. रेशम खेति तथा रेशम प्रशोधन,
६. चिया बगान, चिया प्रशोधन,
७. कफी खेति, कफी प्रशोधन,
८. तरकारी बिउ,
९. तरकारी खेति, तरकारी प्रशोधन,
१०. हरित गृह स्थापना र संचालन,
११. मौरीपालन ( मौरी प्रजनन्, मह उत्पादन र प्रशोधन)
१२. पुष्प खेति, पुष्प प्रशोधन (माला बनाउने, सजावट गर्ने, गुच्छा बनाउने र बिउ बिजन उत्पादन समेत, नर्सरी ब्यबसाय,
१३. रबर खेति, रबरको प्रारम्भिक प्रशोधन र संचालन, र शित भण्डार,
१४. नगदेबाली ब्यबसायिक खेति तथा प्रशोधन (जस्तैः उखु, कपास, सनपट, सजीवन, स्विट सरघम, सुर्ती, जुट, अलैंची, अदुवा, केशर, तेलहन र यस्तै मसलाबालि, दलहन आदि बेत बाँस खेति र बेत बाँसजन्य उत्पादनहरु,
१५. बनस्पति उधान स्थापना र ब्यबस्थापन, बनस्पति प्रजनन् ब्यबसाय( टिस्यु कल्चर समेत), बिउबिजन प्रशोधन,
१६. अन्य गैर कास्ठजन्य बन पैदावारमा आधारित ।

## अनुसूची - ४

**(दफा १६ को उपदफा (२) को खण्ड (ङ) सँग सम्बन्धित )**

पर्यटन उधोग :-

१. पर्यटन आबस, मोटेल, होटेल, रीजोर्ट तथा रेस्टुराँ,

२. ट्राभल एजेन्सी, टुर अपरेटर, हिलिंग सेन्टर, क्यासिनो, मसाज स्पा,

३. साहसिक पर्यटन (स्किंग, ग्लाईडीङ्ग, र्याफ्टिङ, हट एअर ब्यालुनिंग, क्यानोनिंग, प्यारा सेलिंग, घोडाचढी, बन्जी जम्पिंग, हिमाल आरोहण र अबलोकन )

४. गल्फ कोर्स, पोलो, पोनी ट्रेकिंग, पदयात्रा,

५. ग्रामिण पर्यटन; होम स्टे तथा पर्याबरणीय पर्यटन,

६. मनोरंजन पार्क,

७. बन्यजन्तु आरक्ष,

८. माउन्टेन फ्लाइट संचालन ।

## अनुसूची - ५

**(दफा १६ को उपदफा (२) को खण्ड (च) संग सम्बन्धित)**

सुचना संचार प्रबिधिमा आधारित उधोग

क. सुचना प्रबिधि उधोग

(१) टेक्नोलोजी पार्क,

(२) आइ.टि. पार्क,

(३) बायोटेक पार्क,

(४) सफ्टवेयर बिकास,

(५) कम्प्युटर तथा सम्बन्धित सेवाहरु,

(६) तथ्यांक प्रसोधन,

(७) साइबर क्याफे

(८) डिजीटल म्यापिंग

(९) डाटा माइनिंग

ख. सुचना, प्रसारण प्रबिधिमा आधारित उधोग

(१) एफ.एम. रेडियो, डिजिटल रेडियो सेवा,

(२) डिजिटल भू-सतही टेलिभिजन, स्याटेलाईट टेलिभिजन, केबुल टेलिभिजन,

(३) अनलाईन सेवा

(४) डिजिटल केबुल टिभी नेटवर्क

(५) रेकोर्डिंग स्टुडियो, प्रसारण स्टुडियो,

(६) प्रिन्ट मिडिया उधोग, अडियो भिजुअल सामग्री उत्पादन उधोग, बिज्ञापन निर्माण उधोग,

(७) सिनेमा उत्पादन, सिनेमाहल, मल्टिप्लेक्स सिनेमाहल, फिल्म सिटि निर्माण, फ्लिम स्टुडियो निर्माण